प्रदेश सरकार

प्रदेश नं. ५

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, नेपाल

# प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक सुचना प्रकाशित मिति : २०७६/०७/२८)

यस मन्त्रालयको आ.व. २०७६/०७७ को वार्षिक कार्यक्रम अनुसार प्रदेश अन्तर्गतका अर्घाखाँची, दाङ्ग, पाल्पा, पूर्वी रुकुम, बाँके र रुपन्देही जिल्लामा गरी जम्मा ३ (तीन) वटा सहकारी बजार स्थापना गर्ने कार्यक्रम रहेकोले ईच्छुक सहकारी संघ/संस्थाहरुबाट रु. ५०,००,०००।- (अक्षेरुपी पचास लाख रुपैया) र मन्त्रालयको अधिकतम रु. ५०,००,०००।- (अक्षेरुपी पचास लाख रुपैया मात्र) लगानी साझेदारी कार्यक्रमका लागि यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र मन्त्रालयमा शिलवन्दी प्रस्ताव पेश गर्नुहुन सुचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ मन्त्रालयबाट जारी भएको सहकारी बजार स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ को अनुसूची-१ मा उल्लेखित कागजात, अनुसूची-३ को ढाँचामा आवेदन पत्र, अनुसूची-४ बमोजिमको व्यावसायिक योजना तथा अनुसूची-५ वमोजिमको प्रतिवद्धता पत्र पेश गर्नु पर्नेछ।

नोट: सहकारी बजार स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ मन्त्रालयको Website: molmac.p5.gov.np बाट प्राप्त गर्न सकिने छ साथै थप जानकारीको लागि मन्त्रालयमा सम्पर्क राख्न सकिने छ।

प्रदेश सरकार
प्रदेश नं. ५

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, नेपाल

# प्रस्ताव आव्हानको सुचना

(प्रथम पटक सुचना प्रकाशित मितिः २०७६/०८/०५)

यस मन्त्रालयको आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत कार्यक्रम अनुसार प्रदेश भित्रका जिल्लाहरुमा सञ्चालन हुने सहकारीबाट नवीनतम सोँच सहितको रोजगारी र उत्पादन सम्बन्धी कार्यक्रम कार्यान्वयनमा सहभागी हुन इच्छुक सहकारी संस्थाबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिए बमोजिमका आवश्यक कागजातहरु संलग्न गरी सिलवन्दी प्रस्ताव पेश गर्नुहुन सूचित गरिन्छ। साथै रीत नपुगी दर्ता भएका प्रस्तावहरु छनौटको प्रक्रियामा समावेश गरिने छैन।

तपसिल

| सि. नं. | कार्यक्रमको नाम | संख्या | अनुदानको किसिम | संलग्न गर्नुपर्ने आवस्यक कागजातहरु | आवेदन दिने स्थान |
|---|---|---|---|---|---|
| १. | सहकारीबाट नवीनतम सोँच सहितको रोजगारी र उत्पादन सम्बन्धी कार्यक्रम | २० | मन्त्रालयको तर्फबाट अधिकतम २५ लाख र सहकारीको तर्फबाट न्यूनतम २५ लाख | सहकारीका माध्यमबाट नवीनतम सोच सहितका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को अनुसूची-१ मा उल्लेखित कागजात, अनुसूची-३ को ढाचामा आवेदन पत्र, अनुसूची-४ बमोजिमको व्यावसायिक योजना तथा अनुसूची-५ बमोजिमको प्रतिवद्धता पत्र। | मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु गुल्मि, पाल्पा, अर्घाखाँची, नवलपरासी, कपिलवस्तु, दाङ, रोल्पा, बाँके र पशुसेवा विज्ञ केन्द्र रुपन्देही। |

**नोट**: माथी उल्लेखित कार्यविधि यस मन्त्रालयको वेबसाइट molmac.p5.gov.np बाट डाउनलोड गरी हेर्न सकिने छ साथै थप जानकारीको लागि मन्त्रालय तथा आवेदन पेश गर्ने कार्यालयमा सम्पर्क गर्न सकिने छ।